## बहस पैरवी र प्रतिरक्षा एवम् कानूनी राय

## सम्वन्धि निर्देशिका —२०७८

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ को दफा १८ (२) ले दिएको अधिकार प्रयोग गरी बहस पैरवी र प्रतिरक्षा एवम् कानुनी राय सम्वन्धि कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले कर्णाली प्रदेश सरकारका मुख्य न्यायाधिवक्ताबाट यो निर्देशिका तयार गरी जारी गरिएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "कर्णाली प्रदेश सरकारको तर्फबाट गरिने बहस पैरवी र प्रतिरक्षा एवम् कानूनी राय सम्बन्धि निर्देशिका २०७८ रहेको छ ।"

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा-

(१) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(२) "ऐन" भन्नाले मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, र अधिकार तथा सेवाका शर्त सम्वन्धी ऐन, २०७५ लाई सम्झनु पर्दछ ।

(३) "कानून" भन्नाले प्रचलित सङ्घीय तथा प्रादेशिक कानून सम्झनु पर्छ ।

(४) "कार्यालय प्रमुख" भन्नाले सम्वन्धित निकायको प्रमुख भई कामकाज गर्ने अधिकारीलाई सम्झनु पर्छ ।

(५) "तोकिएको अधिकारी" भन्नाले प्रदेश सरकारले मुख्य न्यायाधिवक्तासँग कानूनी राय माग गर्न कुनै अधिकारी तोकिएको भएमा सो अधिकारीलाई सम्झनु पर्छ ।

(६) "प्रदेश सरकारलाई सरोकार पर्ने मुद्दा" भन्नाले प्रदेश सरकार वादी वा प्रतिवादी हुने भनी कुनै ऐनमा उल्लेख भएका मुद्दा, प्रदेश सरकार पक्ष वा विपक्ष भएको मुद्दा सम्झनु पर्छ र सो शव्दले प्रदेश सरकारलाई सरोकार पर्ने भनी नेपाल सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य मुद्दालाई समेत जनाउँछ ।

(७) "बहस पैरवी" भन्नाले मुद्दामा कुनै अदालत वा मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित भई मागदावी वा जिकिर पुष्टि गर्न मुख्य न्यायाधिवक्ता र न्यायाधिवक्ताबाट गरिने बहस पैरवी तथा प्रतिरक्षा समेतलाई सम्झनु पर्छ र सो शव्दले अदालत वा मुद्दा हेर्ने अधिकारी समक्ष पेश गरिएको बहस नोट समेतलाई जनाउँछ ।

(८) "मुद्दा" भन्नाले संघीय तथा प्रादेशिक कानून वमोजिम अदालतमा दायर भएको ववादित विषयलाई सम्झनु पर्छ ।

(९) "राय" भन्नाले मुख्य न्यायाधिवक्ताले कुनै संवैधानिक वा कानूनी प्रश्न समावेश भएको विषयमा दिइएको कानूनी राय सम्झनु पर्छ ।

(१०) "न्यायाधिवक्ता" भन्नाले मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत नेपाल न्याय सेवा , सरकारी वकील समुहको उपन्यायाधिवक्ता र सहायक न्यायाधिवक्ता समेतलाई जनाउनेछ ।

(११) "प्रदेश" भन्नाले कर्णाली प्रदेशलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## कानूनी राय सल्लाह सम्वन्धी

**३. कानूनी राय माग गर्न सक्नेः** (१) ऐनको दफा ८ बमोजिम प्रदेश सरकार र सो अन्तर्गतका मन्त्रालय, निर्देशनालय, विभाग, कार्यालय र निकायहरु वा प्रदेश सरकारले तोकिदिएको अधिकारीले कुनै पनि संवैधानिक वा कानूनी विषयमा कानूनी राय माग गर्न सक्नेछन ।

(२) कानूनी राय माग गर्दा ऐनको दफा ८ मा उल्लेखित भए बमोजिमको रित पुरा गरिएको हुनु पर्नेछ ।

**४. कानूनी राय दिनु अघि विचार गर्नुपर्ने कुराहरुः** मुख्य न्यायाधिवक्ताले राय दिनु अघि देहायका कुराहरु विचार गर्नु पर्नेछ ।

(क) राय माग गर्ने पदाधिकारी कार्यालयको प्रमुख वा तोकिदिएको अधिकारी भएको वा नभएको,

(ख) राय माग गरिएको विषयमा संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा नभएको

(ग) राय माग गरिएको विषयसँग सम्वन्धित विवरण फाईल संलग्न गरी पठाइएको वा नपठाइएको

(घ) अन्य कुनै अधिकारी वा कार्यालयको समेत राय लिनु पर्ने वा अन्य कुनै प्रक्रिया पुरा गर्नु पर्ने भएमा सो राय लिएको वा त्यस्तो प्रक्रिया पूरा गरेको वा नगरेको,

(ङ) राय माग गर्ने सम्वन्धित कार्यालय प्रमुख वा तोकिदिएको अधिकारीले राय माग गरेको विषयमा आफ्नो स्पष्ट दृष्टिकोण सहित राय माग गरेको वा नगरेको र

(च) कुनै अदालतमा विचाराधिन मुद्दा सम्वन्धमा राय माग गरिएको हो वा होइन ।

**५. कानूनी राय दिन इन्कार गर्न सक्नेः** मुख्य न्यायाधिवक्ताले देहायको अवस्थामा राय दिन इन्कार गर्न सक्नेछः-

(क) जुन विषयमा राय माग गरिएको हो सो विषयमा निर्णय गर्ने अधिकार त्यस्तो राय माग्ने कार्यालय वा अधिकारीलाई नभएमा ।

(ख) राय माग गर्ने निकाय वा अधिकारी प्रदेश सरकार अन्तर्गतको नभएमा

(ग) जुन विषयमा राय माग गरिएको हो सो सँग सम्वन्धित सम्पूर्ण विवरण संक्षेपमा खुलाई सम्वन्धित कागजात संलग्न फाइल प्राप्त नभएमा,

(घ) राय माग गरिएको विषयमा स्पष्टतः संवैधानिक एवम् कानूनी प्रश्न उल्लेख नगरिएकोमा,

(ङ) अन्य कार्यालय वा अधिकारीको राय लिनु पर्नेमा सो राय नलिई फाइल प्राप्त भएकोमा,

(च) जुन विषयमा राय माग गरिएको हो सोही विषयमा एक पटक राय दिइसकेको भएमा,

(छ) जुन विषयमा राय माग गरिएको हो सो सम्वन्धमा विभागीय राय वा सम्वन्धित कार्यालयको दृष्टिकोण उल्लेख नभएमा,

**६. कानूनी राय दिने सम्वन्धी व्यवस्थाः** (१) कार्यालय प्रमुख वा तोकिदिएको अधिकारीबाट माग भएको विषयमा राय दिनु पर्ने भएमा मुख्य न्यायाधिवक्ताले प्रचलित कानूनको अधिनमा रही उक्त विषयमा राय दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुख्य न्यायाधिवक्ताले राय दिँदा राय माग गरेको विषय र राय दिएको विषय प्रष्ट उल्लेख गरी कार्यालयको पत्र साथ सम्वन्धित कार्यालयमा फाईल फिर्ता पठाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम मुख्य न्यायाधिवक्ताले दिएको राय सम्वन्धी अभिलेख न्यायाधिवक्ताको कार्यालयमा राख्नु पर्नेछ ।

**७. राय माग गरिएको विषय गोप्य हुनेः** यस निर्देशिका बमोजिम मुख्य न्यायाधिवक्तासँग माग गरिएको राय र मुख्य न्यायाधिवक्ताले दिएको राय सो विषयमा निर्णय नहुँदासम्म गोप्य हुनेछ ।

**८. राय दिने समयावधिः** यस निर्देशिका बमोजिम कार्यालय प्रमुख वा तोकिदिएको अधिकारीले राय माग गरेमा मुख्य न्यायाधिवक्ताले पत्र सहितको फाईल प्राप्त भएको मितिले सामान्यतया सात दिन भित्र राय दिईसक्नु पर्नेछ ।

## परिच्छेद-३

## बहस पैरवी तथा प्रतिरक्षा सम्वन्धी व्यवस्था

**९. बहस पैरवी तथा प्रतिरक्षा गर्नु पर्ने विषयको मिसिल सम्वन्धि व्यवस्थापनः-**

९.१ बहस पैरवी तथा प्रतिरक्षाको माग गर्दा निम्न कागजात प्रस्तुत गर्नु पर्नेछ ।

i) शुरु रिट निवेदन/ फिराद पत्र,

ii) दावी साथ पेश गरिएको प्रमाण,

iii) लिखित जवाफ/प्रतिउत्तर/ प्रति जवाफ,

iv) प्रतिवाद गर्दा प्रस्तुत गरिएको आधार प्रमाण,

v) सम्वन्धित अन्य कागजात,

vi) प्रतिरक्षाको लागि माग गरिएको पत्र,

९.२ बहस पैरवी व्यवस्थापन (१) बहस पैरवी गर्दा व्यावसायिक आचरणको परिधि भित्र रहि प्रदेश सरकारको हकहित हुने गरी गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम बहस पैरवी गर्दा देहायमा उल्लेखित नियमहरुको पालना गर्नु पर्नेछ ।

(क) तोकिएको पोशाकमा अदालत समक्ष समयमै उपस्थित हुने,

(ख) इजलासको मर्यादा र विपक्षी कानून व्यवसायीको सम्मान गर्ने,

(ग) न्यायका सामान्य सिद्धान्तहरुको पालना र प्रयोग गर्ने ,

(घ) मुद्दामा ठहर गर्नु पर्ने विषय, तथ्य र सोसँग सम्वद्ध प्रमाणमा केन्द्रित रहने,

(ङ) मुद्दाको तथ्यसँग मेल खाने नजिर प्रस्तुत गर्ने,

(च) मुद्दाको तथ्यलाई सिलसिलेवार रुपमा नम्र, शिष्ट र मर्यादित शैलीमा प्रस्तुत गर्ने,

(छ) विपक्षीको तर्क वा जिकिरलाई प्रमाणको विष्लेषणको आधारमा खण्डन गर्ने ,

(ज) बन्द इजलासमा सुनुवाई हुने मुद्दामा गोपनीयता कायम गर्ने,

(झ) कुनै मुद्दामा एक भन्दा बढी न्यायाधिवक्ता उपस्थित भएको अवस्थामा अग्रज न्यायाधिवक्ताको निर्देशनलाई ध्यान दिई इजलासको छलफलको बुँदा निर्धारण गरेको भए सोको पालना गर्ने,

(ञ) बहस पैरवी गर्दा अदालतले निर्धारण गरे बमोजिम आफ्नो पालोमा  बहस पैरवी गर्ने र

(ट) बहस गर्नका लागि समय व्यवस्थापन गर्ने र इजलासको निर्देशन समेतलाई ध्यान दिने ।

९.३ कानून व्यवसायी नियुक्त गर्न सक्नेः प्रदेश सरकारको सरोकार निहित मुद्दामा मुख्य न्यायाधिवक्ताले आवश्यकतानुसार कानून व्यवसायी नियुक्त गर्न सक्नेछ । निजले गर्नुपर्ने काम र पाउने सुविधा निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।

**१०. पूर्व तयारी तथा मिसिल व्यवस्थापनः** (१) बहस पैरवी गर्नु पूर्व देहायका कुराहरु विचार गर्नु पर्नेछ ।

(क) सम्वन्धित मिसिल अध्ययन गरी सम्वद्ध तथ्य, कानून, सिद्धान्त र प्रतिवादित नजिरको सङ्कलन गर्ने,

(ख) मिसिल कागजात व्यवस्थित गरी तथ्य र सम्वद्ध नजिर रिपोट गर्ने, र

(ग) बहस पैरवी प्रस्तुतीको योजना बनाउने तथा बहसको क्रममा उठ्न सक्ने सम्भावित प्रश्नहरु आँकलन गरि रिपोट गर्ने ।

**११. बहस नोटः** अदालत वा मुद्दा हेर्ने अधिकारीको आदेश वा सम्वद्ध नियमावली तोकिदिएको प्रकृया बमोजिम बहस नोट पेश गर्नुपर्दा ठहर गर्नु पर्ने विवादित प्रश्न, ठहर हुनुपर्ने आधार र सोलाई समर्थन गर्ने तथ्य, कानून तथा नजिर समेतलाई सिलसिलाबद्ध रुपमा खुलाई पेश गर्नु पर्नेछ ।

**१२. प्रत्यार्थी झिकाउने आदेशका लागि गरिने बहस पैरवीः** प्रदेश सरकारको तर्फबाट पुनरावेदन पत्र दर्ता भई सुनुवाईको लागि इजलास समक्ष पेश भएको मुद्दामा प्रत्यर्थी झिकाउने आदेशको लागि बहस पैरवी गर्दा देहाय बमोजिम गर्नु पर्नेछ।

(क) बहसको प्रारम्भमा पुनरावेदक वादी, पुनरावेदन गरिएका प्रतिवादी, कुन अदालतले के फैसला गरेको हो र सो फैसला उपर कुन हदसम्म चित्त नबुझि पुनरावेदन गरेको हो संक्षिप्त रुपमा इजलास समक्ष पेश गर्ने र

(ख) फैसला गर्ने अदालतले लिएका निर्णयाधारहरु बुँदागत रुपमा उल्लेख गरी उक्त फैसला के आधारमा त्रुटीपुर्ण छ, तथ्य प्रमाण र सम्वद्ध नजिर उल्लेख गरी त्यस्तो फैसलाको ठहर फरक पर्न सक्ने आधार कारण खुलाई झिकाउन जिकिर लिने ।

**१३. विपक्षीको पुनरावेदनमा बहस पैरवीः** विपक्षीको पुनरावेदनमा बहस पैरवी गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) पुनरावेदन जिकिर लिएका कुराहरु र विपक्षीका तर्फवाट बहसमा जिकिर लिइएका कुराहरु बुँदागत रुपमा उल्लेख गरी त्यस्तो जिकिर खण्डन हुने सम्वद्ध कानून, सवुत, प्रमाण र प्रतिवादित सिद्धान्त क्रमबद्ध रुपमा प्रस्तुत गर्ने,

(ख) प्रत्यार्थी झिकाउने आदेशमा लिइएका आधारहरु खण्डन गर्ने

(ग) फैसला गर्दा लिइएका आधार र कारण समेत उल्लेख गरी बहस पैरवी गर्ने ।

**१४. अनुमतिका लागि पेश गर्ने निवेदन उपर बहस पैरवीः**

अनुमतिका लागि गरेको निवेदनको सुनुवाईमा बहस पैरवी गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) कानूनको प्रयोग, पालना र व्याख्या तथा प्रमाण मूल्याङ्कनमा गम्भीर त्रुटी हुन गएको छ भन्ने कुरा अदालतलाई विश्वास दिलाउन स्थापित तथ्य, प्रमाण र कानून स्पष्ट रुपमा खुलाउने,

(ख) समान तथ्य भएको मुद्दामा फैसला गर्दा सर्वोच्च अदालतबाट प्रतिवादित नजिरको पालना नभएको वा त्यस्तो नजिरलाई गलत किसिमको व्याख्या भएको अवस्थामा सो सम्वन्धी सान्दर्भिक नजिर प्रस्तुत गर्ने,

(ग) मातहत अदालतले फैसला गर्दा मिसिल संलग्न सबुत प्रमाणको गलत किसिमको मूल्याङ्कन गरेको कारण सरकारी वा सार्वजनिक सम्पत्तिको हिनामिना भएको वा त्यस्तो सम्पत्तिको क्षति पुग्न गएको भन्ने तथ्य स्थापित गराउने,

(घ) नाबालक, महिला, अपाङ्गता भएका व्यक्ति मानसिक रोगवाट पीडित वा पचहत्तर वर्ष उमेर पूरा गरेको व्यक्तिको उचित प्रतिनिधित्व हुन नसकी इन्साफमा तान्विक फरक पर्न गएको भए आधार र कारण सहित सो कुराको समेत जिकिर लिने, र

(ङ) मुद्दा दोहोऱ्याई हेर्न निस्सा प्रदान भएको वा पुनरावलोकनको लागि निस्सा भएकोमा सोही बमोजिम बहस पैरवी गर्ने ।

## परिच्छेद- ४
## विविध

**१५. अधिकार क्षेत्र र हदम्यादको विवाद सम्वन्धी बहस पैरवीः-** (१) मुद्दा सुनुवाई गर्ने अधिकार क्षेत्र र मुद्दा दर्ता गर्ने हदम्यादका सम्वन्धमा उठेको प्रश्नमा निर्णय गर्न पेश भएको मुद्दामा बहस पैरवी गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) अदालतको क्षेत्राधिकार भित्र नपर्ने वा हदम्याद भित्र दर्ता नभएको भनी विपक्षी ले जिकिर लिएमा सो सम्वन्धमा निर्णय लिन सहयोग पुग्ने गरी कानूनी बुँदा र सर्वोच्च अदालतबाट प्रतिपादित नजिर एवम् सिद्धान्तमा केन्द्रित रहेर बहस पैरवी गर्ने, र

**१६. निर्देशिकाको पालनाः** यस निर्देशिकामा उल्लेखित व्यवस्था मुख्य न्यायाधिवक्ताको कार्यालय र बहस पैरवीका लागि नियुक्त गरिएका कानून व्यवसायीले अनिवार्य रुपमा पालना गर्नु पर्नेछ । यस निर्देशिकाको पालना नगर्ने पदाधिकारी तथा कानून व्यवसायीले आचार संहिता उल्लघन गरेको मानिनेछ ।

**१७. बाधा अडकाउ फुकाउनेः** यो निर्देशिका कार्यान्वयनमा कुनै वाधा र दुविधा आएमा वा कुनै नयाँ विषयवस्तुको उठान भै यस निर्देशिकाले सम्वोधन गर्न नसकेको विषयमा बाधा अड्काउ फुकाउने अधिकार मुख्य न्यायाधिवक्तामा निहित रहनेछ ।